
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्नै छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिक)
०६१-५७०८९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेन्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ३०८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ मंसिर १४ गते शुक्रबार ❑ 29 Nov. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## रास्वपा सभापति लामिछानेलाई काठमाडौँ लगियो

**पोखरापत्र संवाददाता**
पोखरा, १३ मंसिर

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति एवं उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेलाई बयानका लागि काठमाडौँ लगिएको छ।

जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक वसन्त शर्माले बिहीबार साँझ ५:१४ बजे बुद्ध एयरको विमानबाट लामिछानेलाई काठमाडौँ लगिएको जानकारी दिनुभयो । लामिछानेविरूद्ध काठमाडौँको स्वर्णलक्ष्मी सहकारीको बचत



अपचलन गरेको अभियोगमा काठमाडौँ जिल्ला अदालतले पक्राउ पुर्जी जारी गरिसकेकाले बयानका लागि लगिएको शर्माले बताउनुभयो ।

पोखराको सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थामा सहकारीको रकम ठगी र सङ्गठित अपराध कसुरमा गत कात्तिक २ गते पक्राउ पर्नुभएका लामिछानेलाई जिल्ला प्रहरी कार्यालय कास्कीको हिरासतमा राखेर अनुसन्धान भइरहेको छ । उहाँलाई बयानका लागि यसअघि रुपन्देही लगेर पुनः पोखरा ल्याइएको थियो ।

जिल्ला अदालत कास्कीको आदेशबाट पटक-पटक म्याद थप गर्दै प्रहरीले लामिछानेविरुद्ध सहकारीको रकम अपचलनसम्बन्धी कसुरमा अनुसन्धान गरिरहेको जनाएको छ ।

## पोखरा एयरपोर्टबाट अन्तर्राष्ट्रिय उडान सुनिश्चितताको माग

**पोखरापत्र संवाददाता**
पोखरा, १३ मंसिर

नेपाल नागरिक उड्डयन प्राधिकरणले पोखरा अन्तर ाष्ट्रिय विमानस्थलबाट अन्तर ाष्ट्रिय उडान भर्न कुनै समस्या नभएको बताएका छन् ।

पोखराको नयाँ विमानस्थल साना विमान (न्यारो बडी)को उडान-अतवरण हुने खालेको भएको बताउँदै उनीहरुले ठूला (वाइड बडी) जहाज भने यहाँ नआउने पनि प्रष्ट पारे । बोइङ ७३७ र एयरबस ३२० जस्ता न्यारो बडी विमानमा सामान्यतयाः १८० सिट हुन्छ ।

उद्घाटन भएको लामो समयसम्म पनि नियमित अन्तर ाष्ट्रिय उडान नभएपछि त्यसको कारण खोज्न तथा उडान सुनिश्चितताका लागि पोखरा उद्योग वाणिज्य संघले बिहीबार आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा बोल्दै पोखरा एयरपोर्टकी उपनिर्देशक जसुधा सुवेदीले प्राविधिक कारणले नै यहाँबाट अन्तर्राष्ट्रिय उडान नभएको अफवाहलाई खारेज गरिन् । 'एयरपोर्ट अत्याधुनिक छ, हामी सबै ढोका खोलेर बसेका छौँ,जतिबेला पनि यहाँबाट उडान हुनसक्छ,'उनले भनिन् । उनले शुक्रबारमात्र पनि भारतबाट जेल एयरको चार्टर्ड विमान आएको बताउँदै हालसम्म भएका ९ वटा अन्तर्राष्ट्रिय उडानले पनि यो विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानमा कुनै समस्या छैन भन्ने पुष्टि भएको उनको भनाइ थियो ।

नागरिक उड्डयन प्राधिकरण पोखराका प्रबन्धक अनुप जोशीले पोखराको आकास साँघुरो भएको तथा वरपरका डाँडाहरुले केही समस्या पारे पनि अन्तर्राष्ट्रिय उडानको लागि कुनै अवरोध नभएको बताए । उनले विमानस्थल बने पनि त्यसलाई सघाउने खालका पूर्वाधार अझै बन्न नसकेको औंल्याउँदै विमान कम्पनीहरुलाई आकर्षित गर्न यात्रुको सुनिश्चिता पनि हुनुपर्ने बताए । 'म आफै अहिलेसम्म एउटै बस चढेर एयरपोर्ट जान पाएको छैन,रातको समयमा यात्रुहरु अलपत्र परेको पनि सुनेका छौँ, कम्तिमा यात्रुलाई सुविधा दिने यस्ता कुरा त बन्नुपर्‍यो नि,' उनले भने । प्राधिकरणका उपप्रबन्धक इन्जिनियर कृष्णप्रसाद पौडेलले जाजरकोट भूकम्पको बेला १७९ टन सामान बोकेर चिनियाँ जहाज पोखरा झरेको स्मरणमात्र गराएनन्, एयरपोर्ट न्यारो बडी विमानबाट अन्तर्राष्ट्रिय उडान भर्नसक्ने



गरी बनाइएको दोहोर्‍याए । उनले एयरपोर्टको धावन मार्ग नै होँचो बनाइएकाले ठूला जहाज नआएको,प्राविधिक रुपले समस्या रहेकाजस्ता कुराहरु हल्लामात्र भएको पनि जिकिर गरे । नागरिक उड्डयन प्राधिकरणका पूर्व उपनिर्देशक ओम शर्माले जहाज चल्नको लागि यात्रु हुनुपर्ने तर्क गरे ।

कार्यक्रम तथा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले पोखरा एयरपोर्टसँग पोखरा उद्योग वाणिज्य संघको भावनात्मक सम्बन्ध गाँसिएको बताउँदै यहाँबाट अन्तर ाष्ट्रिय उडान सुनिश्चितताको लागि संघले आवश्यक परे दबाबमूलक कार्यक्रमसमेत गर्ने घोषणा गरे ।

पोखरा उद्योग वाणिज्य संघको २०४२ साल मंसिर २ गते भएको कार्यसमितिको बैठकबाट पोखरा विश्वविद्यालय एवं पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका निम्ति दबाब दिने, पैरवी गर्ने निर्णय गरेको र त्यसपछि लामो रिले अनसनकोसमेत नेतृत्व गरेको स्मरण गर्दै उनले भने,' हामीले एयरपोर्ट निर्माणको सम्झौता हुँदै गर्दा २०६८ साल चैत ११ गते प्रेस विज्ञप्तिमार्फत् विमानस्थल निर्माणको काममा भाँजो नहाल्न चेतावनीमात्र दिएनौं आन्दोलनकै घोषणा पनि गर्‍यौं । विमानस्थल निर्माणको विपक्षमा एउटा गिरोह नै सक्रिय भएपछि पोखरा क्षेत्रीय अन्तर ाष्ट्रिय विमानस्थल निर्माण सरोकार समिति रिले अनसनमा उत्रियो । २०६९ को भदौ ७ गतेदेखि पोखराको पुरानो विमानस्थल अगाडि सुरु रिले अनसनको १ सय ५१ श्रृंखला चले । बीचमा १५ दिन स्थगित

बाँकी अन्तिम पृष्ठमा ▶▶

## भारतबाट पोखरामा पहिलो चार्टर्ड उडान

**पोखरापत्र संवाददाता**
पोखरा, १३ मंसिर

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा आज मित्र राष्ट्र भारतबाट पहिलो चार्टर्ड उडान भएको छ ।

भारतको दिल्लीबाट पोखराको लागि विहिबार साँझ ५:५० बजे जेल एयरको सानो जहाज पोखरामा आएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका सूचना अधिकारी जसुधा सुवेदीले बताउनु भयो । क्रु सहित ४ जना यात्रु लिएर आएको बिमान भोलि दिउँसो ४:४० बजे बंगलादेशका लागि उडान हुने भएको उहाँले जनाउनु भयो । ३५ हजार तौल भएको पाइभेट सिंगल इन्जिन जेट बिमान भाराट पोखरामा पहिलो पटक आएको हो ।

पोखरा विमानस्थल संचालन भएको दुई वर्षको अवधिमा हालसम्म नियमित रुपमा अन्तराष्ट्रिय हवाई उडान हुन नसके पनि चाइना, भुटानबाट हालसम्म ९ वटा अन्तर्राष्ट्रिय चार्टर्ड उडान भएको छ । आगामी डिसेम्बर २६ मा पनि चाइनाबाट चार्टर्ड उडान हुने भएको बताइन्छ ।

पोखरामा ड्रागन बोर्ट फेष्टिवल, क्रस कन्ट्रि पर्वतीय दौड लगायतका कार्यक्रमको लागि खेलाडी सहितका अतिथि चाइनाबाट पोखरा आउनु भएको थियो । पोखराका पर्यटन तथा निजी क्षेत्रबाट पोखरामा अन्तराष्ट्रिय हवाई उडान गर्न माग गर्दै आए पनि हालसम्म पोखरेलीको माग सम्बोधन हुन सकेको छैन् ।

## तनहुँको यातायात र पूर्वाधार कार्यालयमा भौतिकमन्त्रीको निरीक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, १३ मंसिर

गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री प्रकाशबहादुर केसीले तनहुँस्थित यातायात व्यवस्था कार्यालय, डुम्रे र पूर्वाधार विकास कार्यालयको निरीक्षण गरेका छन् ।

मन्त्री केसी, मन्त्रालयका सचिव कमलकुमार अधिकारी, योजना अनुगमन मूल्यांकन तथा पूर्वाधार महाशाखा प्रमुख डा. महेन्द्र बानियासहितको टोली निरीक्षणमा पुगेको हो ।

मन्त्री केसीले यातायात कार्यालयका निमित्त प्रमुख गोपाल ओली र पूर्वाधार कार्यालयका निमित्त प्रमुख रविन्द्र तिवारीसँग कामकारबाहीको ब्रिफिङ लिए । निमित्त प्रमुख ओलीले कर्मचारी अभाव भएकाले निकै प्रेसरमा काम गर्नुपरेको सुनाए । ट्रायल



सेन्टर बनाउन डुम्रे बजार नजिकै ५ रोपनी व्यक्तिगत जग्गा दिन स्थानीय तयार रहेको उनले जानकारी गराए । चालु आर्थिक वर्षको कार्तिक मसान्तसम्म ५ करोड १२ लाख रुपैयाँ राजस्व संकलन भएको उनले बताए ।

ब्रिफिङपछि मन्त्री केसीले ट्रायल परीक्षामा कुनै अनियमित गतिविधि हुन नदिन चनाखो रहन प्रमुख ओलीलाई निर्देशन दिए । व्यक्तिले दान गर्ने भनेको जग्गाबारे राम्रोसँग बुझ्नुपर्ने मन्त्री केसीले बताए । अजग्गा दान गर्नेको केही स्वार्थ छ वा केही छैन भने बुझ्नू । राज्यलाई हानी हुने कुनै स्वार्थ देखिए त्यो छोड्दिनू,झ उनले भने, अत्यस्तो केही नभए जग्गा कसरी प्रदेश सरकारको नाममा ल्याउने भन्ने काममा लाग्नू । यातायात कार्यालयका निमित्त प्रमुख रविन्द्र तिवारीले चालु आर्थिक वर्षको पहिलो चार महिनामा १४.३६ प्रतिशत बजेट खर्च भएको जानकारी दिए । कार्यालयमा चालु आर्थिक वर्षमा एक अर्ब ४२ करोड १२ लाख ८ हजार रुपैयाँ विनियोजन भएको छ । त्यसमध्ये २० करोड ४० लाख ९१ हजार रुपैयाँ खर्च भएको उनले बताए । कार्यालयमा चालु आर्थिक वर्षमा १ सय ७९ वटा योजना परेको छ । कुल योजनामध्ये ४० वटा आयोजनाको बोलपत्र आह्वान हालसालै गरिएको र केही योजनाको प्रक्रियामा रहेको निमित्त प्रमुख तिवारीले बताए । मन्त्री केसीले बाँकी योजनाको बोलपत्र आव्हानको काम पनि छिटो गर्न निर्देशन दिए । काम गर्ने क्रममा समस्या भए मन्त्रालयमा खबर गर्न, जनताले दुःख पाउने काम नगर्न मन्त्री केसीले आग्रह गरे ।


## निजी क्षेत्रसँग मिलेर स्वास्थ्य क्षेत्रको सुधारः मन्त्री पाठक

**पोखरापत्र संवाददाता**
पोखरा, १३ मंसिर

गण्डकी प्रदेशका स्वास्थ्यमन्त्री कृष्ण पाठकले निजी क्षेत्रसँग मिलेर स्वास्थ्य क्षेत्रको सुधार गर्नुपर्ने बताएका छन् । यस क्षेत्रमा निजी क्षेत्रको ठूलो लगानी भएको भन्दै उनले निजी क्षेत्रसँगको सम्बन्धलाई गाढा बनाउँदै मिलेर काम गर्न आफूले चाहेको उल्लेख गरे ।

चरक इस्टिच्यूट अफ हेल्थ साइन्सले विहीबार आयोजना गरेको नयाँ विद्यार्थी स्वागत कार्यक्रममा उनले निजी क्षेत्रले अफ्ठ्यारा ठानेका विषयलाई हल गर्दै लगानीमैत्री वातावरण बनाउन आफूले ध्यान दिने पनि बताए । 'मेडिकल कलेजहरूले उत्पादन गरेको प्राविधिक जनशक्तिलाई सहज र सम्मानजनक व्यवस्थापन गर्नु राज्यको दायित्व हो ।' उनले भने- 'दक्ष युवा शक्तिलाई स्वदेशमै व्यवस्थापन गरेर विदेश पलायन रोक्न नीतिगत सुधारको आवश्यकता

बाँकी अन्तिम पृष्ठमा ▶▶

# १३ औं पोखरा महोत्सव पुष २५ देखि, विभिन्न ३० उपसमिति गठनसंगै सल्लाहकार चयन

**पोखरापत्र संवाददाता**
पोखरा, १३ मंसिर

१३ औं संस्करणको पोखरा महोत्सव आगामी पुष २५ देखि माघ ७ गतेसम्म पोखराको अमर सिंह चौरमा आयोजना हुने भएको छ । महोत्सवलाई भव्य र सभ्य बनाउनका लागि विभिन्न ३० वटा उपसमिति गठन गरिएको छ। महोत्सव आयोजक युनाईटेड क्लबका अध्यक्ष लोक बहादुर थापा मुल आयोजक संयोजक रहने गरी विभिन्न उपसमितिहरु गठन गरिएको हो ।

जस अन्तर्गत महोत्सवको कार्य सम्पादन उपसमिति संयोजकमा राजु श्रेष्ठ, अतिथि ब्यवस्थापन उप समिति संयोजकमा हिमालय बखेल, सचिवालय उपसमिति संयोजक सुक बहादुर गुरुङ, अनुगमन उपसमिति संयोजकमा लालकाजी गुरुङ, कलाकार व्यवस्थापन उपसमिति संयोजकमा गणेश तिमिल्सिना, प्रायोजक व्यवस्थापन उपसमिति संयोजकमा शान्त बहादुर थापा, सुरक्षा व्यवस्थापन उपसमिति संयोजकमा सूर्य बहादुर बानियाँ, प्रचार प्रसार उपसमिति संयोजकमा दिनेश सुनार, अर्थ तथा स्टल व्यवस्थापन उपसमिति संयोजकमा जयराम आचार्य, ट्राफिक व्यवस्थापन उपसमिति संयोजकमा सन्तोष कार्की, ब्यानर व्यवस्थापन उपसमिति संयोजकमा सीमा गुरुङ, झाँकी र्‍याली तथा संघ संस्था उपसमिति संयोजकमा विष्णु कुमार गुरुङ, टिकट काउन्टर व्यवस्थापन उपसमिति संयोजकमा पूर्ण कुमार श्रेष्ठ, स्वास्थ्य उपसमिति संयोजकमा नरहरि पनेरु, स्वयंसेवक व्यवस्थापन उपसमिति संयोजकमा शिव थापालाई चयन गरिएको छ ।

खानेपानी व्यवस्थापन उपसमिति संयोजक पदम बहादुर कार्की (बिजय), मायाको चिनो व्यवस्थापन उपसमिति संयोजकमा शान्ति सुवेदी, विद्युतिय सुरक्षा व्यवस्थापन उपसमिति संयोजकमा बुद्ध कार्की, पृष्ठपोषण व्यवस्थापन उपसमिति संयोजकमा रिम बहादुर कार्की, खाना, खाजा व्यवस्थापन उपसमिति संयोजकमा गणेश खड्का, सरसफाइ तथा फोहोरमैला व्यवस्थापन उपसमिति संयोजकमा सुरेश थापा, विद्यालय समन्वय व्यवस्थापन उपसमिति संयोजकमा रमेश बहादुर कार्की, विमा व्यवस्थापन उपसमिति संयोजकमा राजेन्द्र बहादुर थापा, मुल्याङ्कन व्यवस्थापन उपसमिति संयोजकमा शुशिलराज पराजुली, पर्यटन प्रवर्द्धन व्यवस्थापन उपसमिति संयोजकमा गोविन्द घिमिरे, पार्किङ व्यवस्थापन उपसमिति संयोजकमा कृष्ण थापा मगर, अतिरिक्त क्रियाकलाप उपसमिति संयोजकमा चन्द्र थापा, विद्युतिय व्यवस्थापन उपसमिति संयोजकमा हरि श्रेष्ठ, मिडिया कोअडिनेटरमा गिता राना र कार्यालय सचिवमा कुशुम गुरुङ रहेका छन ।

त्यसैगरी महोत्सवको सल्लाहकारहरुमा सेती थापा, सम्मर बहादुर श्रेष्ठ, पवित्रादेवी गुरुङ, विश्व प्रकाश लामिछाने, तीर्थलाल श्रेष्ठ, मुक्षेत्र गुरुङ, प्रेमछिरी शेर्पा, लिला बहादुर जि.सी., पोखरा महानगरपालिका वडा नं १२ का अध्यक्ष सन्तोष बास्तोला, पोखरा महानगरपालिका वडा नं १० का अध्यक्ष राजेश गुरुङ, पोखरा महानगरपालिका वडा नं १३ का अध्यक्ष किरण बराल, पोखरा महानगरपालिका वडा नं १५ का अध्यक्ष तोरण बानियाँ, पोखरा महानगरपालिका वडा नं १४ का अध्यक्ष बोधराज कार्की, पोखरा महानगरपालिका वडा नं ११ का अध्यक्ष प्रेम कर्माचार्य, टिका बहादुर कार्की, रोजेन्द्र बहादुर कार्की, गोपाल गुरुङ (रामबजार), कृष्ण कोइराला, राजकुमार गुरुङ, दिपक थापा, मिन गुरुङ, सुनिल गुरुङ, कृष्ण कुमारी थापा, जस बहादुर गुरुङ, दया बराल, यम बहादुर गुरुङ (गल), डम्बरजंग गुरुङ, शिव बहादुर बराल, दान बहादुर गुरुङ, तेज बहादुर गुरुङ, शंकरनाथ पौडेल, कृष्ण बहादुर थापा, ओम सुवेदी, निलकण्ठ पोखेल, सन्जीव कोइराला, सु. इन्द्र बहादुर गुरुङलाई चयन गरिएको छ ।

त्यसैगरी वलराम ढुंगाना, अनिल थापा, श्यामकृष्ण श्रेष्ठ, राम नारायण श्रेष्ठ, चिन्तामणी बास्तोला, राम बहादुर पौडेल, गज बहादुर गुरुङ, गुप्त बहादुर कार्की, नुना गुरुङ, उज्जवल रन्जित, नरेन्द्र गुरुङ, लालकाजी गुरुङ, डा. कृष्ण के.सी., डा. प्रदीप घिमिरे, महेश गुरुङ, गोपाल गुरुङ(बाँझापाटन), अमर केसी, माधव गौतम, ओम बस्नेत, माधव घिमिरे, मोहन गुरुङ, रुद्र श्रेष्ठ, राजेश गुरुङ, सोमनाथ पौडेल, प्रेम प्रसाद गौतम, धनमाया गुरुङ, राजेन्द्र प्रसाद बास्ताकोटी र पोखरा महानगरपालिकाका ३३ वटै वडा अध्यक्षहरुलाई सल्लाहकारमा चयन गरिएको छ।

# कास्की काँग्रेसको प्रवक्तामा सिग्देल

**पोखरापत्र संवाददाता**
पोखरा, १३ मंसिर



नेपाली काँग्रेस कास्कीको प्रवक्तामा नवीन सिग्देल मनोनित हुनुभएको छ।

नेपाली काँग्रेस कास्कीका सभापति किशोरदत्त बरालले विहीबार पार्टीका सहसचिव समेत रहनुभएका सिग्देललाई प्रवक्तामा मनोनित गर्नुभएको हो । नेपाली काग्रेसको नियमावली २०७६ को परिच्छेद १८ को धारा ६३ बमोजिम सिग्देललाई प्रवक्तामा मनोनयन गरेको पत्रमा उल्लेख छ। प्रवक्तामा सिग्देललाई मनोनित गरे सँगै सभापति बरालले काँग्रेसको सार्वभौम अधिकारको रक्षाको निम्ति पार्टीको निती, सिद्वान्त र कार्यक्रमलाई सफलताको बाटोमा अग्रसर तुल्याउन विगतमा झैं सदैव क्रियाशील, रचनात्मक सहयोगको आशा र विश्वास व्यक्त गर्नुभएको छ। सिग्देल कास्कीको १४औं जिल्ला अधिवेशनबाट सहसचिवमा निर्वाचित हुनुभएको थियो । १३ औं अधिवेशनबाट सदस्यमा निर्वाचित सिग्देलले अघिल्लो कार्यकाल पनि तीन वर्ष भन्दा बढी समय प्रवक्ताको भूमिका निर्वाह गर्नुभएको थियो । विद्यार्थी राजनीति हुँदै पत्रकारितामा पहिचान बनाउनु भएका सिग्देल नेपाल विद्यार्थी संघ कास्कीको पूर्व सभापति र नेपाल प्रेस युनियन कास्कीको निवर्तमान अध्यक्ष हुनुहुन्छ ।

देश र जनतालाई शिरमा राखेर निष्ठा, त्याग, आदर्श, सिद्वान्तलाई डगमगाउन नदिने उहाँको भनाई छ। पद सानो, ठूलो जे होला तर पार्टीको हितमा काम गर्नका लागि ठूलो अवसर ठानेर काम गर्ने प्रतिवद्वता उहाँले व्यक्त गर्नुभएको छ।

# राष्ट्रिय सहकारी बैंकद्वारा तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, १३ मंसिर



राष्ट्रिय सहकारी बैंकद्वारा पोखरा र लेखनाथ शाखाका सहकारीका संस्थाका अध्यक्ष र व्यवस्थापन प्रमूखहरको लागि २ दिने सहकारी प्रशिक्षण गरेको छ।

सहकारी ज्ञान, पदीय जिम्मेबारी, सहकारी आवश्यकता, समस्या पहिचन समाधान, प्रविध, ऐन नियम सम्बन्धमा जानकारी दिने उद्देश्यले गएको वर्षदेखि देशैभर सहकारी संस्थाका जिम्वारीहरुलाई तालिम दिदै आएको बैंकमा गण्डकी प्रदेश प्रमूख नरेश पाण्डेले बताए। प्रशिक्षणमा सहकारी सिद्धान्त अध्यक्ष र व्यवस्थापन प्रमूखको भूमिका, सम्बन्धमा सहकारी प्रशिक्षक सुदिप ढकाल र सकारीमा बचतको अवधारण महत्व, सहकारी सञ्चालन विधि पद्दती बारेमा तालिम अधिकृत नव कुमार अधिकारीले सहजीकरण गर्नुभएको थियो । बैंक सञ्चालक समिती सदस्य एवं गण्डकी प्रदेश संयोजक रामबहादुर जि.सीले सहकारीमा सदस्य रहेका १६ हजार तिन सय ६ सहकारी मध्ये जिल्लागत रुपमा बैंक कार्य मुल्याङ्कन आधारमा छनौट भएका संस्थाका जिम्मेवारीमा रहेका व्यक्तिहरुको क्षमता बृद्धि सँगै संस्थागत विकासमा योगदान दिई ऐन नियम लाई पालना गरी परिणाम दिने सहकारी निर्माणको लागि देशैभर तालिम आयोजना गरिएको बताए।

बैंकका लेखा समिती सदस्य चन्द्रा पराजुलीको सभापतित्वमा भएको कार्यक्रममा, शाखा समन्वय समिती पूर्व सञ्चालक सदस्य सुसिल के.सी, कास्की मेनेजर्स क्लवका अध्यक्ष मोहन अधिकारी, सराङकोट बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष कृष्ण बहादुर थापा, संगम सहकारीका व्यवस्थापक बृहस्पति अधिकारी, पिपल्स बचत सहकारीका व्यवस्थापक महेश पोखेल पश्चिमाञ्चल स्वास्थ्य सहकारीका व्यवस्थापक उष गैरे सुवेदी, बचत संघका पूर्व उपाध्यक्ष संगिता तिमिल्सीना , समग्र महिला सहकारीका अध्यक्ष कल्पना भण्डारी, पोखरा शाखा प्रमुख रुक्मत श्रेष्ठ, लेखानाथ शाखा प्रमूख पूर्णिमा पाठक लगायतले तालिमको महत्व माथि भनाई राखेका थिए।

कार्यक्रम २ चरणमा सञ्चालित प्रशिक्षणमा ४५ सहकारी संस्थाका अध्यक्ष र व्यवस्थापन प्रमूखहरुको सहभागिता रहेको थियो । बैंकको हाल ५ अर्व शेयर पुँजी, २५ अर्व कर्जा लगानी रहेको छ। बैक मार्फत सहकारी स.स्था सदस्यहरुलाई शिक्षा, तालिम सँगै तारलता, पुँजी व्यवस्थापनमा सहयोग गद्रै आएको छ । कास्कीमा ४८२ सहकारी संस्था बैंकको सदस्य रहेका छन् ।

# निजी ...



छ । आत्मसम्मानसहितको व्यवस्थापन युवाहरुको माग हो भन्ने कुरा राज्यले बुझ्नुपर्दछ ।'

युवा विद्यार्थीहरुले पनि राष्ट्रिय भावनालाई आत्मसाथ गरेर अगाडि बढ्नुपर्नेमा जोड दिँदै थपे-'विदेश पलायन हुने हैन। स्वदेशमै अवसरको सिर्जना गर्नुपर्दछ भन्ने सोचाईका साथ अगाडि बढ्नुपर्दछ । शिक्षा र सीप सिकेर फर्किएर आफ्नै माटोमा सेवा गर्नुपर्दछ।' गण्डकी प्रदेशको स्वास्थ्य क्षेत्रलाई सुधार गर्न आवधिक योजनाका साथ अगाडि बढेको स्मरण गर्दै पाठकले नीतिगत, कानुनी र संरचनागत क्षेत्रमा गतिलै सुधार गर्ने उद्देश्यका साथ अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्ययोजना सार्वजनिक गरेको पनि दोहोऱ्याए । चरक हस्पिटलका प्रबन्ध निर्देशक तथा इस्टिच्यूटका अध्यक्ष कपिल पोखरेलले भौतिक पूर्वाधार सम्पन्न शिक्षामैत्री वातावरणमा विगत लामो समयदेखि प्राविधिक शिक्षा नर्सिङ, एचए र फार्मेसी विषय अध्यापन गराइरहेको यस इन्स्टिच्यूट यस क्षेत्रमै अब्बल शैक्षिक संस्था रहेको उल्लेख गरे। नर्सिङ प्रवेश परीक्षाका टपरले नै यस इन्स्टिच्यूट छनौट गरेको जनाउँदै उनले सरकारले भने निजी क्षेत्रलाई हेर्ने दृष्टिकोण अझै पनि राम्रो नरहेको गुनासो गरे। कलेज प्रिन्सिपल केशवराज अधिकारीले गुणस्तरीय शिक्षाका लागि यस इन्स्टिच्युट अग्रणी स्थानमा रहेको दाबी गर्दै यहाँबाट उत्पादित विद्यार्थीले लोकसेवा लगायतका परीक्षामा उत्कृष्ट स्थान प्राप्त गरेको बताए । सो अवसरमा २१ औं ब्याचमा भर्ना भएका विद्यार्थीलाई स्वागत तथा १८ औं ब्याचमा भर्ना भएका विद्यार्थीलाई बिदाई गरिएको थियो। विद्यार्थीहरुले सांस्कृतिक प्रस्तुति पनि राखेका थिए।

# पोखरा ...

भएर पुनः सुरु भएको अनसनमा २ हजार ४०२ जनाले सहभागिता जनाउनुभयो ।

२०६९ मंसिर २ गतेसम्म अर्थात् ८५ दिनको नागरिक दबाब आन्दोलनपछि मुग्लिन-पोखरा नाका ठप्प पार्ने, सिंहदरबार घेर्नेलगायतका कार्यक्रम भएको पनि म स्मरण गर्न चाहन्छु ।' पछिल्लो समय त यसका प्राविधिक पक्षलाई लिएर भइरहेका विभिन्न टीका टिप्पणी उत्तर खोज्न र अन्तर्राष्ट्रिय उडान सुनिश्चित होस् भन्ने हेतुले नै कार्यक्रम आयोजना गरिएको पनि दोहोऱ्याए ।

नेपाल पर्यटन बोर्डका पूर्वसदस्य बासु त्रिपाठीले पोखराबाट अन्तर्राष्ट्रिय उडान भर्न ढिला भए पनि उडान नै हुँदैन भन्ने अफवाहलाई चाहिँ चिर्नुपर्ने बताए । उडान सुनिश्चित गर्नु सरकारको काम भएको र यात्रु खोज्ने काम चाहिँ निजी क्षेत्रले पनि गर्ने उनको भनाइ थियो । उनले भने,'एयरपोर्ट चल्दैन भन्ने पश्चगामी सोचलाई तत्काल खारेज गर्नुपर्छ ।'

पोखरा उद्योग वाणिज्य संघका महासचिव शोभा गौतमको संचालन रहेको कार्यक्रममा पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी, पोखरा च्याम्बर अफ कमर्सका अध्यक्ष उमराज बास्तोला, पर्यटन परिषद्का महासचिव जीवन सापकोटा,पोखरा उद्योग वाणिज्य संघका कार्यसमिति सदस्यटीकारामसुवेदीलगायतले एयरपोर्ट नचल्नुको पछाडि भू राजनीति, नागरिक उड्डयन प्राधिकरणकै लापर्वाहीलगायतका धारणा आइरहँदा प्राधिकरणले नै ती प्रश्नको उत्तर दिनुपर्ने बताएका थिए।

# परराष्ट्रमन्त्री डा राणा चीनको छन्दुमा

**रासस**
काठमाडौं, १३ मंसिर

परराष्ट्रमन्त्री डा आरजु राणा देउवा चीनको छन्दु पुग्नुभएको छ। चिनियाँ विदेशमन्त्री वाङ यीको मैत्रीपूर्ण निमन्त्रणामा औपचारिक भ्रमणका लागि बिहीबार उहाँ नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै चीन प्रस्थान गर्नुभएको हो ।

मन्त्री डा राणालाई छन्दुमा चीनको विदेश मन्त्रालयको सिचुआन प्रान्तीय डेपुटी डाइरेक्टर जनरल लि हुछियाङ र चीनका लागि नेपाली राजदूत डा कृष्णप्रसाद ओलीले स्वागत गर्नुभएको उहाँको सचिवालयले जनाएको छ।

भ्रमणका क्रममा मन्त्री डा राणाले चिनियाँ विदेश मन्त्री वाङ यीसँग द्विपक्षीय भेटवार्ता गर्नुहुनेछ । सो भेटवार्ता शुक्रबार चीनको छन्दु सहरमा नै हुनेछ । चीनको औपचारिक भ्रमणका साथै प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न चीन भ्रमणको तयारीस्वरुप उहाँ चीन जानुभएको हो ।


## बालविवाह मुक्त समाज निर्माण गरौं

◆बालविवाह सामाजिक र कानूनी अपराध हो,

◆बालविवाह गर्ने, गराउने कार्य कानून बमोजिम दण्डनीय हो,

◆तोकेको उमेर नपुगी भएको विवाह स्वतः बदर हुने कानूनी व्यवस्था छ, त्यसैले,

◆बीस बर्ष नपुगी विवाह नगरौं, नगराऔं,

◆बालविवाहको विरुद्धमा सबै जुटौं,

◆दोषीलाई कानूनको दायरामा ल्याऔं,

◆बालविवाह मुक्त समाजको निर्माण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# स्पेनिस खुला च्याम्पियनशिप क्योकुशिन कराँतेको मुख्य रेफ्रि नेपाली प्रशिक्षक रुम्बा

**पोखरापत्र संवाददाता**
पोखरा, १३ मंसिर

स्पेनमा हालै आयोजित १० औं कप स्पेनिस खुला च्याम्पियनशिप क्योकुशिन कराँते प्रतियोगिता २०२४ मा नेपालका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रशिक्षक एवं रेफ्री अशोक रुम्बा तामाङ मुख्य रेफ्रिको भूमिका निभाउनु भएको छ।

स्पेन जस्तो देशमका आयोजना भएको प्रतियोगितामा मुख्य रेफ्रीको भूमिकामा निभाउने अवसर प्राप्त गर्नु समग्र नेपाल र कराँते खेलको समेत इज्जत बढेको रुम्बाले स्पेनबाट बताउनु भयो । उहाँले भन्नुभयो "मलाई स्पेनमा विश्वास गरेर मुख्य रेफ्रिको भूमिका दिइएको थियो, जसलाई मैले मेरो वलबुताले भ्याएसम्म सहि न्याय दिने गरी रेफ्रिको भूमिका खेले।" रिङमा आफ्नो अनुभव र क्षमताको उच्चतम प्रदर्शन गर्दै उहाँले आयोजक समितिलाई समेत धन्यवाद दिनु भएको छ। यसैबिच, उक्त प्रतियोगितामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी विष्णु बहादुर सार्कीले नेपालको प्रतिनिधित्व गर्दै सहभागि हुनु भएको थियो । सन् २०२४ नोभेम्बर २३ र २४ मा संचालन भएको प्रतियोगितामा खेलाडी विष्णु सार्कीले पहिलो दिनको खेलमा उत्कृष्ट प्रदर्शन गर्दै क्वाटरफाइनलसम्मको यात्रा तय गर्नु भएको थियो तर अर्को खेलमा ग्रीसका खेलाडीसँग पराजित भएर प्रतियोगिताबाट बाहिरिनु पऱ्यो । नेपाल फर्किएपछि आफ्नो अनुभव र ज्ञान नेपाली खेलाडीहरूसँग बाँड्ने र कराँते खेलकुदको विकास र विस्तारमा ध्यान केन्द्रित गर्ने रुम्बाले योजना बनाउनु भएको छ । यस्ता प्रतियोगिताले दुई देश बीचको भाईचारा र सम्बन्ध प्रगाढ हुनुका साथै अनुभव र ज्ञान आदानप्रदान हुने उहाँले जनाउनु भयो । उहाँ करिब दुई बर्ष देखि स्पेनमा रहदै आउनु भएको छ।

# २० मेडिकल कलेजका अस्पतालको शैया क्षमता सार्वजनिक

**काठमाडौं**
रासस, १३ मंसिर

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सञ्चालन अनुमति प्राप्त गरेका मेडिकल कलेज तथा विभागीय अस्पतालहरुको विवरण सार्वजनिक गरेको छ।

मन्त्रालयले तीन सय शय्या वा बढी क्षमतामा मन्त्रालयबाट अनुमति लिएका त्यस्ता कलेजहरुले सञ्चालन गरेका २० अस्पतालहरुको शयृया क्षमतासम्बन्धी विवरण सार्वजनिक गरेको हो । मन्त्रालयसँग अनुमति प्राप्त गरेकामध्ये सबैभन्दा धेरै शय्या रहेको मेडिकल कलेज भरतपुर स्थित चितवन मेडिकल कलेज रहेको छ । कलेजसँग पाँच सय शयृया क्षमता छ । त्यसैगरी चार सय शयृया क्षमता सञ्चालनका लागि अनुमति पाएका मेडिकल कलेजको सङ्ख्या तीन छ। लुम्बिनी मेडिकल कलेज एण्ड टिचिङ हस्पिटल-पाल्पा, लर्ड बुद्ध एजुकेशन एकेडेमी लि,(नेपालगञ्ज मेडिकल कलेज-बाँके, नेपाल मेडिकल कलेज शिक्षण अस्पताल जोरपाटीले चार सय शयृया क्षमतामा अस्पताल सञ्चालनको अनुमति प्राप्त गरेका छन् ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।

– थमस हाडी

## सम्पादकीय

# प्रधानमन्त्रीको आसन्न चीन भ्रमण

प्रधानमन्त्री केपी शर्मा ओली यही मङ्सिर १७ गते चीन भ्रमणमा जाँदै छन । प्रधानमन्त्री ओलीको आसन्न औपचारिक भ्रमणबारेमा यतिबेला व्यापक चासो बढेको छ। परराष्ट्रमन्त्री डाक्टर आरजु राणा देउवा प्रधानमन्त्री ओलीको भ्रमण बारे  समन्वय गर्न चीन भ्रमणमा जाँदै छन।बिहीबार चीनका विदेशमन्त्री वाङ यी संग भेटवार्ता हुँदैछ । चीन भ्रमणको समन्वय गर्ने जिम्मा परराष्ट्रमन्त्री देउवालाई दिइएको थियो । काङ्ग्रेस र एमालेले बनाएको संयन्त्रमा छलफल गरेर साझा अजेण्डा अघि सार्ने प्रयास हुनु सकारात्मक परिवर्तनका लागि हो।सरकारी तथा निजी क्षेत्रमा भ्रमणबारे बहस र छलफल भइरहेका छन् । त्यसै क्रममा चीन भ्रमणका सम्बन्धमा सोमबार पूर्वप्रधानमन्त्री र पूर्वपरराष्ट्रमन्त्रीहरूसँग छलफल आयोजना गरियो । सबैभन्दा चासोको विषय भने विगतमा चीनसित भएका सहमति र सम्झौताको कार्यान्वयन नै भएको छ । चीनले बाँकी विश्वलाई भूसतह तथा समुद्रबाट जोड्ने दीर्घकालीन महत्वकांक्षी परियोजना बेल्ट एन्ड रोड इनिसियटिभ (बिआरआई) आरम्भ गरेको छ । नेपालले सात वर्षअघि नै बिआरआईमा हस्तारक्षर गरे पनि त्यसको कार्यान्वयन सम्झौता भएको छैन । बिआरआईकै कारण पनि प्रधानमन्त्रीको आसन्न भ्रमणले यतिबेला उच्च महत्व पाएको देखिएको छ ।

बिआरआई परियोजना अन्तर्गत चीनले धेरै देशमा पूर्वाधार परियोजनामा व्यापक लगानी विस्तार गरेको छ । बिआरआई अन्तर्गत बढी जसो लगानी ऋणमा आधारित छन् । नेपालको यति बेलाको सबैभन्दा बढी चासो भने चीनसित बिआरआई अन्तर्गत ऋण वा अनुदान भन्ने नै देखिएको छ। चीनले नेपालको विकासमा निरन्तर सहयोग गर्दै आएको सन्दर्भमा यो चासो अन्यथा होइन । यसअघि कतिपय अनुदान र कतिपय ऋणका आधारमा नेपालको आर्थिक विकासमा सहयोगी बन्दै आएको चीनले नेपालमा बिआरआई अन्तर्गतका परियोजना कार्यान्वयनमा आउन भन्ने चाहना राख्नु अस्वाभाविक होइन तर के कस्तो सहयोग लिने भन्ने नेपालको प्राथमिकता हो । भ्रमण जानुअघि सबैसित संवाद तथा छलफल गरी देशको समग्र हितमा भ्रमणका कार्यसूची तयार गरिनु सराहनीय काम हो ।

प्रधानमन्त्री ओलीले भ्रमणका कार्यसूची स्पष्ट गर्ने क्रममा बिआरआई ऋणको परियोजना नभएको उल्लेख गरेका छन। चीनसँग ऋण लिने र नलिने भन्ने अहिले विवादको मूल विषय बनाइनु हुँदैन  । नेपालको आर्थिक विकासमा बाह्य पुँजीको आवश्यकता अझै केही वर्ष आवश्यक पर्ने वस्तुस्थिति छ । देशभित्र संकलन भएको राजस्वले साधारण खर्च हाराहारी मात्रै धान्दै आएको परिपेक्ष्यमा विकास आवश्यकता र आकांक्षा पूरा गर्न बाह्य सहयोग आवश्यक पर्छ नै। नेपालले लिएको आन्तरिक तथा बाह्य ऋणको चाप बिस्तारै बढ्दै छ। साँवा तथा ब्याज बुझाउने समय परिपक्क हुँदै गएको चालु आर्थिक वर्षकै बजेटबाट स्पष्ट देखिन्छ । पुँजीगत बजेटभन्दा बढी साँवा तथा ब्याज तिर्न स्रोत विनियोजन गर्नुपर्ने अवस्थाले आगामी दिनमा ऋण लिँदा गम्भीर हुनुपर्ने परिस्थिति भने सिर्जना भएको छ।

नेपालले बाह्य सम्बन्धलाई उचाइमा पुऱ्याउन राष्ट्रिय स्वार्थलाई सर्वोपरि मान्नु पर्छ । ऋण वा अनुदान भन्ने विवादभन्दा राष्ट्रिय स्वार्थ र प्राथमिकतामा आधारमा बाह्य सहयोग लिनु उचित हुन्छ। कतिपय मुलुकले ऋण लिएर समयमा तिर्न नसकेका कारण ऋण पासोमा परेका उदाहरण पनि छन्। त्यसबाट पनि नेपालले पाठ सिक्नु पर्छ। चीनसितको लामो र मित्रवत् सम्बन्धलाई ऋण वा अनुदानको विवादमा पार्नु पनि ठिक हुँदैन। सम्बन्धलाई बहुआयामिक बनाउने कूटनीतिक कुशलता आवश्यक छ। भ्रमणको सन्दर्भमा सत्तारूढ दल नेपाली कांग्रेस र नेकपा (एमाले) ले कार्यदल नै बनाएर सरकारलाई सुझाव दिन आन्तरिक गृहकार्यसमेत गरिरहेका छन् । विगतमा भएका सहमति र सम्झौताको प्रभावकारी कार्यान्वयन अबको मूल प्राथमिकतामा राखिनु पर्छ । देशभित्रको राजनीतिमा आन्तरिक प्रतिस्पर्धा भए पनि विदेश नीतिमा सबैको उही स्वरमा साझा हितलाई सर्वोपरि मान्नु पर्छ । देशहितलाई पहिलो प्राथमिकतामा राख्दै प्रधानमन्त्रीको यो भ्रमणलाई सफल बनाउन सबैको साझा बुझाई र सहमति आवश्यक छ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : शुभ यात्रा | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : मानसिक तनाव |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शत्रुको भय |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : झमेला बढ्ने |

हरिसिद्धि भविष्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# स्थानीय तहलाई बिमाबारे बुझाउँदै प्राधिकरण

**पोखरापत्र संवाददाता**
बागलुङ, १३ मंसिर

ग्रामीण तहका नागरिकमासमेत बिमाको पहुँच बढाउन र बिमा शिक्षा दिन नेपाल बिमा प्राधिकरणले स्थानीय तहलाई यसबारे जानकारी गराउन थालेको छ ।

बिमा गर्दा क्षतिको परि पूर्ती गर्न सहज हुने पुग्ने भन्दै प्राधिकरणले स्थानीय तह केन्द्रित भएर यसबारे सचेतना जगाउने काम गरिरहेको छ। प्राधिकरणको गण्डकी प्रदेश कार्यालयले हालसम्म प्रदेशका ५२ स्थानीय तहका जनप्रतिनिधिलाई बिमासम्बन्धी अभिमुखीकरण गरिसकेको जनाएको छ। कार्यालय प्रमुख केशवप्रसाद दाहालले बिमाको महत्व बुझाउने, बिमाका नाममा हुने ठगी रोक्ने तथा बिमा गर्दा भविष्यमा हुने क्षति कम गर्न स्थानीय तहका जनप्रतिनिधि र पत्रकारलाई अभिमुखीकरण गर्न थालेको बताउनुभयो ।

जीवन बिमा, निर्जीवन बिमाका विषयमा स्थानीय तहसमेत जानकार हुन आवश्यक रहेको भन्दै प्रदेशका ८५ स्थानीय तहमध्ये ५२ पालिकामा बिमा अभिमुखिकरण कार्यक्रम गरिएको दाहालले जानकारी दिनुभयो । " बिमाको भुक्तानीमा आउने समस्या, यससम्बन्धी मुद्दालगायत विषयमा जनप्रतिनिधि सचेत हुन आवश्यक छ। प्राधिकरण बिमा क्षेत्रको अदालत नै हो, त्यसैले न्याय निरोपण गर्ने र बिमितले भुक्तानी पाउने वातावरण बनाउने हाम्रो उद्देश्य हो", उहाँले भन्नुभयो, "प्राधिकरणले स्थानीय तहका प्रमुख, उपप्रमुख र वडा अध्यक्षहरूलाई यसको महत्व, आएपर्ने समस्या, समाधान र कृषि तथा पशुपन्छी बिमाले किसानलाई पुग्ने फाइदाको विषयमा जानकारी दिइरहेका छौं ।" दाहालले यससम्बन्धी सही जानकारी सम्प्रेषण गर्न स्थानीय पत्रकारलाई पनि यसबारेमा अभिमुखीकरण गर्न आवश्यक ठानी सो कार्य पनि भइरहेको बताउनुभयो । "जीवन बिमालगायत कुरा त छँदैछन्, ग्रामीणक्षेत्रमास्थानीयकिसानलाई यसको दायरामा ल्याउन, आफ्नो पशुधनलाई बिमा प्रक्रियामा ल्याएर लाभ लिन सबैभन्दा महत्वपूर्ण विषय छ । साथै बिमा कम्पनीबारे सचेत गराउने, बिमाको गलत प्रचार रोक्ने र भुक्तानी पाउन समस्या भएका बिमितलाई सहयोग गर्दै न्याय दिने कामका लागि यो जागरण आवश्यक छ", उहाँले भन्नुभयो।

प्राधिकरणका सहायक निर्देशक सुदिप गिरी बिमाको आवश्यकता र चुनौतीबारे आमजनतामा जानकारी गराउँदै यसको महत्व, पहुँच बढाउन, आर्थिक क्षति न्यूनीकरणको पूर्वतयारी, लघु बिमा र कृषि बिमालगायत विषयमा सबैले जानकारी लिन आवश्यक रहेको बताउनुहुन्छ। "समस्या हुन्छ तर त्यो सँगै समाधान पनि त हुन्छ। हामी क्षति भइसकेपछि यसो गरे हुन्थ्यो कि भनेर सोच्छौं तर त्यसअघि खासै वास्ता गर्दैनौं । यो बिमाबारे यथोचित जानकारी नभएकाले पनि हुनसक्छ । त्यसैले हामीले गण्डकी प्रदेशका सबै स्थानीय तहका प्रतिनिधि र सरोकारवालाहरूलाई यसबारेमा जानकारी दिने र उहाँहरूमार्फत पहुँच विस्तार गरी क्षति न्यूनीकरण गर्ने हाम्रो ध्येय हो। त्यसैका लागि यो अभियान गरिरहेका छौं", उहाँले भन्नुभयो।

नेपालमा हाल १४ वटा जीवन, १४ निर्जीवन, ७ वटा लघु र दुईवटा पुर्नबिमा कम्पनीले काम गरिरहेका पनि गिरीले जानकारी दिनुभयो।

# म्याग्दीमा पर्यटन पूर्वाधार निर्माण गर्न ११ योजना

**पोखरापत्र संवाददाता**
म्याग्दी, १३ मंसिर

गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८०/८१ मा जिल्लाका धार्मिक र पर्यटकीय स्थलमा पूर्वाधार निर्माण गर्न विभिन्न ११ योजनाका लागि रु. एक करोड ५० लाख बजेट बिनियोजन गरेको छ।

पर्यटन तथा उद्योग कार्यालयले कार्यान्वयन हुने १० योजनाका लागि रु. एक करोड २० लाख र पर्यटन, वाणिज्य तथा उपभोक्ता हकहित संरक्षण निर्देशनालय पोखरा अन्तर्गतको एक योजनालाई रु. ३० लाख बिनियोजन भएको हो । प्रमुख पोषानाथ शर्माले बजेट बिनियोजन भएका योजनाको सर्वेक्षण, लागत अनुमान तयार, उपभोक्ता समिति गठन र सम्झौताको प्रक्रीया अघि बढाएको बताउनुभयो। धवलागिरि गाउँपालिका-४ मा पर्ने धौलागिरि चक्रीय पदमार्ग योजना भने निर्देशनालय मार्फत कार्यान्वयन हुने उहाँले बताउनुभयो। अन्नपूर्ण गाउँपालिका-५ का खोप्रा लेकमा पर्यटकीय पूर्वाधार र रघुगङ्गा गाउँपालिकाको काली बराह मन्दिर हुदै धवलागिरी आइसफल जाने पदमार्ग योजनाका लागि रु.२०/२० लाख बजेट प्राप्त भएको छ। रघुगङ्गा गाउँपालिका-४ को नागीदेवी मन्दिर संरक्षण, वडा न. ३ को गायत्री मन्दिर संरक्षण, वडा नं. -२ को माझखर्क-ओखरबोट हुदै साझपानी पदमार्ग, बेनी नगरपालिका -७ को शान्तिपार्क, वडा नं.-२ को ध्यानकुटी पूर्वाधार, वडा नं. ६ को मसिनढुंगा थाकनपोखरी एकपाटे पदमार्ग, धवलागिरी गाउँपालिका-५ मल्कवाङ डाडाकटेरी ररावर हुदै ग्यासखार पदमार्ग र मालिका-७ बिम-तल्लोगाउँ पदमार्गका लागि रु. १०/१० लाख बजेट प्राप्त भएको छ । म्याग्दीमा प्रदेश सरकारले पर्यटन सम्बन्धी योजनाका लागि आर्थिक वर्ष २०७८/७९ मा आठ वटा योजनालाई रु. २० लाख, आर्थिक वर्ष २०७९/८० मा २१ योजनालाई रु. एक करोड ९२ लाख, आर्थिक वर्ष २०८०/८१ मा १८  योजनालाई रु. एक करोड ५६ लाख बनियोजन गरेको थियो । प्रशस्त पर्यटकीय स्थल भएपनि गण्डकी प्रदेशका अन्य जिल्लाको तुलनामा म्याग्दीमा कम बजेट बिनियोजन हुने र घट्नुका साथै योजनाले पूर्णता नपाउने समस्या देखिएको म्याग्दी उद्योग वाणिज्य संघका बरिष्ठ उपाध्यक्ष राजेश शाक्यले बताउनुभयो । आर्थिक वर्ष २०८०/८१ मा शुरु भएका १८ वटा पदमार्ग सम्बन्धी योजना मध्य चार वटा मात्र सम्पन्न भएका थिए । गत वर्ष शुरु भएको कालीबराह पदमार्ग बाहेकका योजनाले यो वर्ष निरन्तरता पाएका छैनन । अधुरा योजनाबाट नागरिकले लाभ लिन नसक्ने भएकाले निर्माणाधीन कामका लागि बजेटको निरन्तरता आवश्यक पर्ने सरोकारवाला बताउँछन्।

# मध्यपहाडी लोकमार्ग अन्तर्गत बागलुङ र पर्वतमा पाँच पुल बन्दै

**पोखरापत्र संवाददाता**
बागलुङ, १३ मंसिर



मध्यपहाडी लोकमार्ग अन्तर्गत बागलुङ र पर्वतमा एकै पटक पाँच वटा पुल निर्माण सुरु गरिएको छ । बागलुङको काठेखोलामा एउटा र पर्वतमा चार वटा पुल निर्माण थालिएको हो।

मध्यपहाडी लोकमार्ग कार्यालय पर्वतका अनुसार काठेखोला, पर्वतको डिमुवा सुन्दरेखोलामा पुल निर्माण सुरु भइसकेको छभने मोदीखोलामा दुई वटा पुलको काम यही मङ्सिरभित्र सुरु हुने भएको छ।

पातीखोलामा पुल निर्माणका लागि सर्वेक्षण भइरहेको लोकमार्ग कार्यालय पर्वतकी सव-इन्जिनियर अस्मिता भट्टराइले जानकारी दिनुभयो। काठेखोला, पातीखोला र मोदीखोलामा पुल बनेर यातायात सञ्चालन गरिए पनि लोकमार्ग फराकिलो बनाएपछि पुललाई थप चौडा बनाइने उहाँको भनाइ छ। उहाँका अनुसार काठेखोला, डिमुवा सुन्दरेखोला र मोदीखोलामा एक/एक र पातीखोला दुईवटा पुल निर्माण गर्न लागिएको हो। सव-इन्जिनियर भट्टराईले भन्नुभयो, "सुन्दरे खोलामा अहिलेसम्म पुल बनेकै थिएन, यहाँ आवश्यक देखिएको हुँदा पहिलो पटक पुल बनाउने भएका हौं, अन्य ठाउँमा वर्षौं अगाडि पुल बनेका थिए, ती पुल साँघुरो र जीर्ण बन्दै गएको हुँदा त्यस स्थानमा दोहोरो गाडी ओहोरदोहोर गर्न सक्ने गरी पुल निर्माण थालिएको हो।"

पाँच वटै पुल निर्माणको जिम्मा लुम्बिनी/प्राकृतिक जेभीले पाएको छ। डिजाइन गरेर काम सुरु भएको पुलको निमार्ण आगामी दुई वर्षमा सम्पन्न गर्ने सम्झौता भएको आयोजना कार्यालयले जनाएको छ। रु ४४ करोड १५ लाख ३५ हजारमा ती पाँच पुल निर्माण हुने छन्।

# फापरखेतीप्रति किसानको आकर्षण घट्दै

**पोखरापत्र संवाददाता**
बागलुङ, १३ मंसिर

बागलुङको निसीखोला-४ का नरबहादुर घर्तीले बर्सेनि करिब १० मुरी फापर उत्पादन गर्नुहुन्थ्यो । तीते र मिठे गरी दुई जातका फापर उत्पादन गर्दै आउनुभएका घर्तीले तीन वर्ष यता यसको खती गर्न छोड्नु भएको छ।

मकै फल्ने बारीमै लगाइने फापर आयातीत खाद्यन्न प्रयोग बढ्दै गएपछि खेती हुन छोडेको हो । गाउँको पाखो बारीमै फलाउन सकिने भए पनि खनजोत गर्ने खेतालाको अभाव हुँदै गएपछि उहाँले फापरखेती गर्न छोड्नु भएको हो । अचेल गाउँमै बसेर रैथाने बालीको खेती गर्ने किसानाको सङ्ख्या निकै कम छ । उन्नत जातका बीउबिजन प्रयोग गरेर खेतीपाती गर्न थालेपछि परम्परागत खेती प्रणाली फेरिनाका साथै रैथाने बाली लोप हुन थालेको उहाँको भनाइ छ । पहिले बारीमा फापर नलगाउने कोही नहुने भन्दै अहिले गाउँमै कसैले पनि यसको खेती नगर्ने बताउनुभयो। पहिले चामल ल्याउनका लागि हप्तादिन लगाएर बुटवल पुग्नुपर्ने हुँदा गाउँमै फापर उत्पादन गर्ने गरेको भन्दै अहिले घरघरै दोकान खुलेपछि रैथाने बाली उत्पादन गर्न छोडेको उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो, "पहिले गाउँमा दुःख थियो, एक छाक खानका लागि धेरै काम गर्नु पर्थ्यो, बारीमा फापर, कोदो र मकैबाहेक अरू फल्दैनथ्यो, अहिलेको जस्तो चामल नपाएपछि आँटो, ढिँडो र रोटी नै खानुको विकल्प थिएन, त्यही भएर खेती किसानी गर्न मान्छेहरू बाध्य थिए, अहिले अलिअलि पैसा कमाउने भएर गाउँ घरैमै चामलाका बोरा आउन थालेपछि कोदो, फापरखेती किन गरून् ?" व्यावसायिक रूपमा फापरखेतीप्रति किसानको आकर्षण हुन घट्दै गएपछि लोपन्मुख अवस्थामा पुगेको छ।

फापरका परिकार उच्च रक्तचाप र सुगर (मधुमेह)का बिरामीका लागि उत्तम मानिने हुँदा बजारमा माग भने बढ्दो छ। बागलुङको निसेलढोर, उत्तरगङ्गा क्षेत्र, भल्कोट, खुङ्खा, तमान, स्याउला, हिल, तारा, बोबाङलगायत उच्च क्षेत्रमा कोदोखेती गरिन्थ्यो । तमानखोला गाउँपालिका-२ का भक्तबहादुर सिर्पालीले पाँच वर्ष अगाडिसम्म आफूले करिब सात रोपनी जग्गामा फापरखेती गरे पनि अहिले छोडेको बताउनुभयो । "हाम्रो बाउबाजेले फापरको आँटो, ढिँडो र रोटी खायो भने तागत दिन्छ भन्थे, चामल कमै हुने हुँदा भात दसैं, तिहार र अरू चाडपर्वमा खाने गर्थ्यौं, अहिले ढिँडो खानलाई फापर र कोदोखेती हुन छोड्यो, बजारबाट चामल लिएर दिनकै भात खानुपर्छ", सिर्पालीले भन्नुभयो, "पहिले गाउँमा भात खाने उही धेरै खेत हुने हुन्थे, हामी त गाउँमा माथिपट्टि बस्ने कोदो र फापरखेती गरेर आँटो ढिँडो खान्थ्यौं ।" बागलुङमा अहिले ८५ हेक्टरमा क्षेत्रफलमा फापरको खेती हुने गरेको कृषि ज्ञान केन्द्र बागलुङका प्रमुख राजेश्वर सिलवालले जानकारी दिनुभयो। हरेक वर्ष बागलुङमा एक सय २० मेट्रिक टन फापर उत्पादन हुने उहाँको भनाइ छ।

# मर्मतपछि पुल सञ्चालन

**पोखरापत्र संवाददाता**
गोरखा, १३ मंसिर

गोरखाको सहिद लखन गाउँपालिका-४, ठेउवाटार र चितवनको इच्छाकामना गाउँपालिका-४, लेवाटार जोड्ने झोलुङ्गे मर्मत गरी सञ्चालनमा ल्याइएको छ।

गत असोज १२ गतेको बाढीले क्षतिग्रस्त पुल मर्मतपछि नियमित सञ्चालनमा ल्याइएको सहिद लखन गाउँपालिका-४ का वडाध्यक्ष यामबहादुर थापाले जानकारी दिनुभयो। सस्पेन्सन ब्रिज महाशाखाको प्राविधिक सहयोगमा पुलकोमर्मतगरिएकोहो।गाउँपालिका विपद् कोषबाट विनियोजन भएको रु एक लाखको लागतमा पुल मर्मत भएको उहाँले बताउनुभयो । पुल सञ्चालन भएसँगै ठेउवाटार, करङबगर, माथिल्लो ठेउवाटार, तेर्से, बाहुनथोकलगायत क्षेत्रका स्थानीयलाई त्रिशूली तरेर कुरिनटार आउजाउ गर्न सहज भएको छ।

**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**मालपोत कार्यालय लेखनाथ कास्की**

**मालपोत कार्यालय लेखनाथ कास्कीबाट जारी भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रकाशित सूचना २०८१/०८/१४

पोखरा महानगरपालिका वडा नं ३३ निवासी सर्वन पोख्रेलकी बुहारी जयलाल पोख्रेलकी श्रीमती भिमकला पोख्रेलको द.नं. १३०५ मिति २०८१/५/१८ को छुट जग्गा दर्ता नामसारी गरिपाउँ माग निवेदन अनुसार कास्की जिल्ला साविक मर मध्ये डाडा गा (वर मध्ये डाँडा गाउँ) मौजे ११० नं का मु बलभद्रको प्रेमदत्त अर्ज्याल जींमा भई द.नं. १६ का सर्व नन्द पोखरेलका नाममा लगत कायम रहेको, विष्णु माया पाध्या पोखरेल्नीबाट ७ नं. फारम भरी नापी समयमा फिल्डबुकमा जग्गावालाको नाम जयलाल, विष्णुमाया पोखरेल पंचायत भरतपोखरी बार्ड नं ६ उल्लेख भई साविक भरतपोखरी ५ कि.नं. ७०३ क्षे.फ. ३-५-१-० विरहमा खर किसिम चाहार जनिएको जयलाल पोखरेलबाट तिरो तिरी भोग चलान गर्दै आएकोमा साविक जग्गावाला जयलाल र विष्णुमाया पोखरेलको मृत्यु भएको, विष्णुमाया तथा निजका पति नित्यानन्दको मृत्यु भएको, विष्णुमाया निसन्तान भएको निवेदक बाहेक जयलाल र विष्णुमायाको हकवाला अन्य कोही नभएको हुँदा एकलौटी नाममा छुट जग्गा दर्ता नामसारी गरी पाऊँ भनि निवेदन प्राप्त भएकाले फिल्डबुकका विष्णु माया पोखरेल र ७ नं फारमका विष्णुमाया पाध्या पोखरेलनी फरक फरक व्यक्ति भएमा उक्त जग्गामा यस अघि अन्य कसैले कारवाही चलाएको भएमा वा निवेदकको माग बमोजिम दर्ता गर्न नहुने कुनै कारण भएमा वा उक्त जग्गामा अन्य कसैको हक लाग्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र प्रमाण सहित उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भैजाने व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

इति सम्वत् २०८१ साल मंसिर महिनाको १४ गते रोज ६ शुभम्

# ऐतिहाँसिक गाजाको दह : पानी सुक्नथालेपछि स्थानीयवासी चिन्तित

**तारानाथ आचार्य**
बागलुङ, १३ मंसिर/रासस



यहाँस्थित ऐतिहाँसिक गाजाको दह नजिकै व्यापार गर्दै आउनुभएका नरबहादुर थापाले दशक अघिसम्म दहमा पानीको सतह भरिभराउ देख्नुहुन्थ्यो । पछिल्लो समय दहमा बिस्तारै पानी सुक्दै गएको छ।

वर्षातमा हावा चल्दा तालको छालले छेउका घरमा असर गर्ने डर हुन्थ्यो । तर अहिले त वर्षातमा पनि यो ताल सुख्खा जस्तै भयो। भरिभराउ हुनुपर्ने तालको आधा पनि पानी नभरिएपछि स्थानीय बासिन्दा चिन्तामा छन्। २ हजार ५ सय मिटर उचाइको गाजा दहको पानी सुक्दा पर्यटकीय स्थल ओझेलमा पर्ने, तल्लो खण्डमा पानीको समस्या बल्झिने चिन्ता बढेको थापाले बताउनुभयो। सयौं वर्षदेखि पहाडको धुरीमा रहेको बागलुङको प्रसिद्ध गाजाको दह पछिल्लो समय सुक्दै जान थालेको हो । हिउँदमा नसुक्ने, वर्षातमा धमिलो पनि नहुने विशेषता बोकेको यो दहमा डोजर लगाएर संरक्षण गर्न खोज्दा पानी घटेको स्थानीयको अनुमान छ । पाँच वर्षअघि यहाँ पर्खाल लगाएर पानी संरक्षण प्रयास गरिएको थियो । यसका लागि डोजर लगाएपछि पानीको सतह सुक्दै जान थालेको स्थानीयले जनाएका छन् । बागलुङ सदरमुकामदेखि २४ किमी पश्चिमको यात्राबाट पुगिने गाजाको दह पर्यटकीय र धार्मिक गन्तव्य हो । यहाँ सिद्ध बराहको थान छ । यो थानमा जैमिनी, गलकोट, बागलुङ नगरपालिका, काठेखोला र बरेङ गाउँपालिकाबासी पूजा गर्न पुग्छन् । त्यस बाहेक अन्यत्रबाट पनि घुम्न जानेहरु धेरै छन् ।


यो दहबाट धौलागिरि, अन्नपूर्ण, माछापुच्छ्रेसहित मनास्लु हिमाल समेत देखिन्छ । उच्च पहाडमा भएकोले हिउँदमा हिउँ पर्छ । जंगल छेवैमा भएर पनि यो ताल सँधै सफा हुन्छ । यसैले यहाँ पर्यटक जानेआउने गर्छन् । यहाँबाट बागलुङसहित पर्वत, गुल्मी, म्याग्दी र स्याङजाका धेरै क्षेत्र देखिन्छन् । त्यसैले यहाँ पैदल यात्रा गरेर पनि पर्यटकहरु पुग्ने गर्छन् । "यो दह धार्मिक रुपमा पनि प्रसिद्द छ, तर संरक्षणको नाउँमा डोजर लगाएर पानी घट्यो " स्थानीय थापाले भन्नुभयो "अब मौलिक रुपमै संरक्षण नगरे दहको अस्तित्व सकिन्छ । " सडक अप्ठ्यारो भएकोले गाजा दह पुग्ने सडकलाई स्तरीय बनाउन पनि उहाँले माग गर्नुभयो ।

गाजा दहको छेवैमा रहेको सिद्द थानमा बैकुष्ठ चर्तुदर्शी तथा बाला चर्तुदर्शीमा मेला लाग्ने गरेको छ । बाला चर्तुदर्शीमा त सतबिज झर्नेको भीड समेत लाग्छ । पूर्णिमा मेला र विभिन्न चाडपर्वमा यहाँ गाजा दह नुहाउने भक्तजन पनि पुग्छन् । धार्मिक र पर्यटकीय स्थान भएकोले पर्यटन क्षेत्रको रुपमा घोषणा गर्नुपर्ने स्थानीयको माग छ ।

गण्डकी प्रदेश सरकारले यो दहलाई पर्यटन क्षेत्रमा सूचिकृत गरेको छ । तर पूर्वाधार निर्माणमा बजेट नदिएको स्थानीयले गुनासो गरेका छन् । सिद्ध बराह मन्दिर र ताल संरक्षण गर्न स्थानीयले महायज्ञ समेत लगाएका छन् । शनिबारदेखि शुरु भएको महायज्ञ सात दिन चल्ने जैमिनी नगरपालिका वडा नं ३ का वडाध्यक्ष कृष्णबहादुर भुजेलले बताउनुभयो । यो महायज्ञ धार्मिक मात्र नभई सास्कृति र दह संरक्षणको अभियान भएको उहाँको भनाइ छ । पानी सुक्दा पर्यटकीय गतिविधि पनि ठप्प हुने स्थानीय यानुकला कालामगरले गुनासो गर्नुभयो । ताल छ भनेरै धेरै मानिस घुम्न आउने हो, पानी सुक्यो भने त यहाँ कोही आउँदैन' कालामगरले भन्नुभयो, "यहाँको महत्व जोगाउनु पर्छ । " गाजा दहको आसपासमा बस्ने मगर र छन्त्याल समुदाय बसोबास गर्दछन् । उहाँहरुले यहाँको धार्मिक मठमन्दिरमा पूजा गर्नुहुन्छ । साथै, मेलापर्व पारेर लोकदोहोरी, सोरठी, सालैज्यो र विनासालैज्यो जस्ता संस्कृति समेत देखाउने चलन छ ।

# बुढापाकालाई गाउँ रित्तिने चिन्ता

**पोखरापत्र संवाददाता**
बागलुङ, १३ मंसिर



बढ्दो बसाईँसराइका कारण बागलुङका ग्रामीण क्षेत्र सुनसान बन्न थालेका छन् । सुविधा खोज्दै सहरी क्षेत्रमा झर्नेको सङ्ख्या बढेपछि काठेखोला, गलकोट, जैमिनीका बस्तीहरु सुनसान बन्दै गएका हुन् । स्थानीय तहमार्फत गाउँसम्म विकास पुगे पनि अहिले उपभोग गर्ने नागरिक घट्दै गएका छन् ।

शिक्षा, स्वास्थ्य, यातायात, विद्युत्‌लगायत विकासका पूर्वाधारले दूरदराज जोडिदै गएपछि धेरैले बजार रोज्न थालेको काठेखोला गाउँपालिका-५ बिहुँका डिलाराम पुनले बताउनुभयो । एक दशक अगाडिसम्म गाउँमा छरछिमेकी हुँदा अर्मपर्म गरेर खेतीपाती गरेको सुनाउँदै अहिले कोही बिरामी भए तत्काल अस्पताल पुऱ्याउने मान्छे नपाइने अवस्था आउको उहाँको भनाइ छ । बसाईँसराइ बढेपछि गाउँका खेतीयोग्य जमिन वनमाराले ढाकिएको उहाँले सुनाउनुभयो । पुनले भन्नुभयो, "यो गाउँ कस्तो थियो, अहिले कस्तो बन्यो, सक्नेहरु सबै सहर छिरे, गाउँमा गरिब वर्ग मात्रै छन्, युवाहरु विदेश छन्, हामी बुढाबुढी भइयो, गाउँमै जन्मियौँ, हुर्कियौँ र यही दुःख गरियो, अब गाउँमै मर्ने, यो उमेरमा आफ्नो ठाउँ छोडेर कहाँ जाने ? हामीलाई त अब गाउँ रित्तिने चिन्ता लाग्न थाल्यो ।" गलकोट नगरपालिका-५ की मायादेवी श्रीसले नयाँ पुस्ताले सहर बजार रोज्दा गाउँ झाडीले ढाकिने स्थिति आउनु बताउनुहुन्छ । दस वर्ष अगाडिसम्म गाउँका बस्तीमा मान्छेको चाप बढी रहेको भन्दै अहिले अप्ठ्यारो पर्दा सहयोग गर्ने नपाइने उहाँको भनाइ छ । "पहिले गाउँमा मोटरबाटो थिएन, बजारबाट नुन, तेल, चामल बोकेर ल्याउनुपर्थ्यो, खानेपानी ल्याउनका लागि घण्टौँ लाइनमा बस्ने अवस्था थियो, तर अहिले घरै अगाडि मोटर गाडी गुड्छन्, आँगनमै पानीको धारो बनेको छ", उहाँले भन्नुभयो, "गाउँमा आएको विकास उपभोग गर्ने मान्छे छैनन्, राज्यले बसाईँसराइ रोक्न नसके गाउँको अस्तित्वनै मेटिने डर भयो ।" गलकोट नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले बसाईँसराइ रोक्नका लागि गाउँमै युवालाई रोजगारसँग जोड्न लघु उद्यमका कार्यक्रम सञ्चालन गरेको भन्दै पशुपालन गर्ने किसानलाई अनुदानको व्यवस्था गरेको बताउनुभयो । गाउँबाट धेरैजसो शिक्षा र स्वास्थ्यका लागि बसाईँसराइ गर्ने गरेको हुँदा नगरपालिकाले सामुदायिक विद्यालयको शिक्षालाई गुणस्तरीय बनाइ रहेको र स्वास्थ्य क्षेत्र सुधार गरी रहेको प्रवक्ता भण्डारी बताउनुहुन्छ ।

# चिसो बढेसँगै कालीगण्डकीमा जलयात्रा बन्द

**पोखरापत्र संवाददाता**
पर्वत, १३ मंसिर

चिसो बढेसँगै कालीगण्डकी नदीमा सञ्चालित ऱ्याफ्टिङ (जलयात्रा) बन्द भएको छ ।

वर्षायाममा पानीको बहाब घटेसँगै असोजदेखि सुरु भएको जलयात्रा आइतबारदेखि बन्द गरिएको हो । आइतबार अन्तिम टोलीले तीन दिनको जलयात्रा पूरा गरेसँगै यस वर्षको जलयात्रा बन्द गरिएको रिभर एक्सप्लोरर नेपालका सञ्चालक होम पुनले जानकारी दिनुभयो । पहिलो याममा सेप्टेम्बरमध्यदेखि नोभेम्बर अन्तिम सातासम्म सञ्चालन गरिएको हो । विगतका वर्षभन्दा ढिलोगरी चिसो बढेकाले यस वर्ष दुई साता ढिलोसम्म ऱ्यापिटिङ सञ्चालन गरिएको पुनले बताउनुभयो । नदीमा पानी अत्यधिक चिसो भइसकेकाले अब मार्चदेखि जुनसम्म अर्को यामको जलयात्रा सुरु हुने उहाँको भनाइ छ । छोटो र पारिवारिक जलयात्राका लागि कालीगण्डकी नदीमा आउने पर्यटक कोभिड सङ्क्रमणपछि यस वर्ष उच्च रहेको सलोम ऱ्याफ्टिङ ट्रेक एण्ड एक्सपेन्डिसनका सञ्चालक देव रेग्मीले जानकारी दिनुभयो । उहाँका अनुसार लामो, समथर र कम बहाव भएकाले विदेशी नागरिक अन्य नदीभन्दा कालीगण्डकीलाई नै रोज्ने गर्दछन् । ऱ्याफ्टिङका लागि कालीगण्डकी नदीमा अहिले विदेशी पर्यटकसँगै स्वेदशी पर्यटकको पनि आकर्षण पनि बढ्दै गएको उहाँले बताउनुभयो । कालीगण्डकी नदीमा यस वर्ष तीन हजारभन्दा बढीले जलयात्रा गरेको रेग्मीले बताउनुभयो । दैनिक दुई-तीन समूहमा पर्यटक आउने गर्दछन् । अन्य नदीको तुलनामा पर्यटकले यसलाई पहिलो रोजाइमा पार्दै आएकाले पनि पर्यटकको आगमन कोभिडपछि यस वर्ष उच्च मात्रामा बढेको रेग्मीको भनाइ छ । "यो नदीलाई रोजेर पर्यटक बढी नै आउने गरेका छन्", उहाँले भन्नुभयो, "कालीगण्डकीलाई ऱ्याफ्टिङको पहिलो गन्तव्य बन्दै गएको छ । पोखरा हुँदै अन्नपूर्ण पदमार्गमा पदयात्रा र कालीगण्डकीको जलयात्रालाई प्याकेज बनाउने पर्यटक बढ्दै गएका छन् ।" कुश्मा नगरपालिका-१ पाङस्थित नयाँपुल र कुश्मा नगरपालिका वडा नं ५ गोपाङघाटबाट सुरु हुने ऱ्याफ्टिङ स्याङ्जा, पर्वत र गुल्मीको सिमानामा रहेको कालीगण्डकी 'ए' जलविद्युत् परियाजनाको जलासयमा पुगेर टुङ्गिन्छ । तीन दिन लाग्ने सो जलयात्रा पर्यटकका लागि निकै आकर्षक गन्तव्यका रूपमा रहेको छ । कालीगण्डकीमा पानीको छाल, मनोरम दृश्य, झरना, विभिन्न वनस्पति, जलचरको अवलोकन, प्रदूषणरहित हावापानीबाट पर्यटक आकर्षित हुने गर्दछन् । यहाँ धेरै इजरायली पर्यटक आउने गरेका छन्‌भने अष्ट्रेलिया, रसियन, युरोपियन मुलुक र अमेरिकी पर्यटकको रोजाइमा पनि कालीगण्डकी नदी पर्दै आएको छ । विदेशमा समेत जलयात्रा गर्दै आएका पर्यटक कालीगण्डकीको जलयात्रा अन्यत्रको भन्दा अत्यन्त रोमाञ्चक हुने गरेको अनुभव सुनाउँछन् । अमेरिका र अष्ट्रेलियालगायत नदीमा हुने जलयात्राभन्दा कालीगण्डकीमा नयाँ खालको अनुभव भएकाले पर्यटकको आकर्षण बन्न पुगेको हो । पर्यटकले नयाँपुल-मोदीवेणी खण्डमा पहिलो दिनको यात्रा बनाएर जाने साथै दोस्रो दिनमा पर्वतकै विहादी गाउँपालिका बर्राचौरको पूर्तिघाट नजिक बस्ने र तेस्रो दिनमा मिर्मी हुँदै पोखरा जानेगरी पर्यटकले यात्रा तय गर्ने गरेका छन् । यात्राका क्रममा बस्ने ठाउँमा भौतिक संरचनाको विकास गर्न र कुश्मा नगरपालिकाको आर्मादी नजिकै खोलाको बीचमा रहेका ठूला ढुङ्गाहरू नहटाउँदा समस्या आउने गरेको पर्यटक गाइड नवीन केसीले बताउनुभयो । कालीगण्डकीको दोहनसँगै पछिल्लो समय विभिन्न ठाउँमा ढुङ्गा शयरमा समस्या आउने गरेको छ । पर्वततर्फ निर्माण गरिएको कालीगण्डकी लोकमार्ग र बागलुङ-गुल्मीतर्फको कालीगण्डकी करिडोरबाट खसेका ढुङ्गामाटोले पनि नदी साँघुरिँदै गएकाले पहिलेजस्तो सहज नरहेको पर्यटन व्यवसायी होम पुनले गुनासो गर्नुभयो ।



भैंडाका बथान चर्दै: लमजुङ दोर्दी गाउँपालिका ५ सिम्रुङ मा बिहीबार साँझ घुम्ती भैंडी गोठको भैंडाको बथान चर्दै । यस गोठमा ६०० भेडाका बथान रहेका छन् । तस्बिर: जनक श्रेष्ठ/रासस

# 'बेइजिङ घोषणाको कार्यान्वयन जरुरी'

**रासस**
काठमाडौं, १३ मंसिर

चीनको बेइजिङमा भएको चौथो विश्व महिला सम्मेलनको घोषणा र कार्यमञ्चले पारित गरेको १२ वटा सवालको कार्यान्वयनमा सांसदहरुले ध्यान दिन नसकेको बताउनुभएको छ ।

लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानका सन्दर्भमा संयुक्त राष्ट्रसङ्घीय कार्यक्रम संसद् सहयोग परियोजनाको सहकार्यक्रममा बिहीबार राधा पौडेल फाण्डेसनले आयोजना गरेको कार्यक्रममा प्रतिनिधिसभा र राष्ट्रियसभाका महिला सांसदहरुले बेइजिङ घोषणाका सवाल कार्यान्वननमा ध्यान दिन नसकेको बताउनुभएको हो ।

संविधानमा लेखिएको महिला अधिकार गाउँसम्म पुगेर लागू नभएको र त्यसलाई लागू गराउन सांसदले महत्वपूर्ण भूमिका खेल्नुपर्ने जरुरी भएको उहाँहरुको भनाइ थियो ।

कार्यक्रममा विज्ञ र सहभागीले उठाएका सवालपछि सांसदहरुले बेइजिङ घोषणापत्रको करिब ३० वर्षमा नेपालले लैङ्गिक समानता र विकासको क्षेत्रमा उल्लेखनीय काम गरेपनि महिला विविधतालाई उचित रूपमा सम्बोधन हुन नसकेको बताइएको थियो । संसद् र संसदीय समितिमा बेइजिङ कार्ययोजना र घोषणाका सवाललाई मुद्दा बनाउने प्रतिवद्धता सांसदहरुले जनाउनुभएको थियो ।

बेइजिङ घोषणाले महिला र गरिबी, महिला शिक्षा र तालिम, महिला र स्वास्थ्य, महिलाविरुद्धको हिंसा, महिला र सशक्त सङ्घर्ष, महिला र अर्थतन्त्र, शक्ति र निर्णयमा महिला, महिला र सञ्चार, महिला र वातावरणजस्ता सवाललाई समानता र विकासको दृष्टिकोणमा लाग्नुपर्ने तर्क राखिएको थियो । नेकपा (एमाले) राष्ट्रियसभाका प्रमुख सचेतक भगवती न्यौपानेले बेइजिङ घोषणाका आयामलाई लैङ्गिक हिंसाको अन्त्य र समानताको दृष्टिकोणबाट सांसदहरु छलफल गर्नुपर्ने जरुरी रहेको बताउनुभयो । उहाँले त्यसको कार्यान्वयनका लागि बन्न आवश्यक कानुनका विषयमा विधायन समितिले पहल कदमीले लिने प्रतिबद्धता जनाउनुभयो ।

प्रतिनिधिसभाका सांसद हर्कमाया विश्वकर्माले संसद्‌को महिला तथा समाजिक मामिला समितिले छलफल गरेको र कार्यान्वयनको पाटोमा निगरानी गर्न चुकेको स्वीकार गर्नुभयो । उहाँले बेइजिङ घोषणा कार्यान्वयनका लागि बनाउनेपर्ने समानता ऐनका विषयमा छलफल चलाउन पहल गर्ने प्रतिबद्धता जनाउनुभयो ।

राष्ट्रियसभाका सदस्य गरिमा शाहले महिलाका सवालमा थुप्रै उपलब्धि हासिल भएपनि अझै धेरै काम गर्न बाँकी रहेको बताउनुभयो । महिलामाथि हुने लैङ्गिक हिंसा, भेदभाव र स्रोत साधनहरूको असमान पहूँचजस्ता चूनौतीलाई पार लगाउन संसद्मा गम्भीर छलफल हुनुपर्ने उहाको भनाइ थियो । उहाँले बेइजिङ घोषणाका सवाललाई महिनावारी विभेदसँग जोडेर पनि संसद्मा छलफल गर्नुपर्नेमा उहाँको जोड थियो । सांसद गोमा तिमिल्सेना र गङ्गा दाहाल बेल्वासेले राष्ट्रियसभा र प्रतिनिधिका सांसदहरु एक ठाउँमा बसेर बेइजिङ घोषणा, सरकारले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेको प्रतिबद्धता र बनेका कानुनको समीक्षा गर्नुपर्ने बताउनुभयो ।

सांसद शान्ति श्रेष्ठ, विनिताकुमारी सिंह, रुकमणी कोइराला, सम्झना थपलियाले नागरिक समाजका सङ्घसस्थाले पनि लिखित रुपमा सवालहरु संसदको समितिमा पुऱ्याउन सुझाव दिनुभयो । अब सुरु हुने संसदको हिउँदे अधिवेशन र आ-आफ्ना समितिमा विषयलाई गम्भीरतापूर्व उठाउने उहाँको भनाइ थियो ।


## कुकको आवश्यकता

SHINING NEPAL
MULTIPURPOSE COMPANY

विज्ञापन नं.: ०१ २०८१।८२

**साइनिङ्ग नेपाल मल्टिप्रपोज (मुनाफा वितरण नगर्ने) कम्पनी**, पोखरा महानगरपालिका वडा नं.१५ नयाँगाउँमा अवस्थित मुनाफा वितरण नगर्ने एक कम्पनी हो । यस कम्पनीबाट पोखरा १५ हरियो खर्कमा संचालन भइरहेको द आर्क क्याफेको लागि योग्य **कुक आवश्यक** परेकोले योग्य नेपाली नागरिकबाट दरखास्तको लागि आह्वान गर्दछौं ।

**पद: कुक** **संख्या: दुई** **काम गर्ने स्थान: पोखरा**

**कार्य विवरण** : चाइनिज, कन्टिनेन्टल खाना बनाउनुका साथै क्याफेमा काम गर्ने अन्य सहयोगीहरुलाई नेतृत्व प्रदान गर्ने ।

**आवश्यक योग्यता तथा सीप**

- रेष्टुरेन्ट, होटल तथा क्याफेमा कम्तीमा ३ वर्षसम्म कुकको काम गरेको अनुभव भएको ।
- एस.एल.सी. पास गरेको ।
- चाइनिज, कन्टिनेन्टल परिकारहरु बनाउन जानेको । तालिम प्राप्तलाई प्राथमिकतामा राखिनेछ ।
- समुहमा मिलेर काम गर्न सक्ने ।
- आफु अन्तर्गतका काम गर्ने कर्मचारीहरुलाई परिचालन गर्न सक्ने ।
- ग्राहक तथा पाहुनाहरुसँग राम्रो ब्यवहार गर्न जान्ने ।
- कामको चापलाई राम्रो सँग ब्यवस्थापन गर्न सक्ने ।

उल्लेखित पदमा दरखास्त दिन चाहनुहुने महानुभावले मिति २०८१ मंसीर २१ गते बेलुका ५ बजेभित्र यस कार्यालयमा आएर अथवा तल दिइएको इमेलमा बायोडाटा तथा निवेदन पठाउनुहुन अनुरोध छ । सर्टलिस्ट गरिएको आवेदकलाई छनौट प्रक्रियाको लागि सम्पर्क गरिनेछ । तलव कम्पनीको नियमानुसार हुनेछ भने औषधि उपचार विमा, दुर्घटना विमा तथा सामाजिक सुरक्षा कोषको ब्यवस्था समेत गरिनेछ ।

**साइनिङ्ग नेपाल मल्टिप्रपोज(मुनाफा वितरण नगर्ने) कम्पनी**
**हरियो खर्क परिसर, नयाँगाउँ, पोखरा १५ कास्की**
**इमेल ठेगाना:** info@shiningnepal.com
**टेलिफोन नं.०६१-४३४९१६**

छनौट गर्ने नगर्ने सम्पूर्ण अधिकार साइनिङ्ग नेपाल मल्टिप्रपोज (मुनाफा वितरण नगर्ने)कम्पनीमा निहित रहनेछ ।